स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै बेला एउटा सञ्चारगृहको सात तलामाथिबाट हाम फालेर एकाएक सुपरहिरो बनेका थिए, निखिल उप्रेती। त्यसबखत उनकै नक्कल गर्दा कतिपय बच्चाको खुट्टा भाँचिएको खबर पनि सुनियो। उनको क्रेज कतिसम्म बढ्यो भने फिल्मको नाम नै राखियो, "निखिल दाइ"। जे होस्, निखिलले आफूलाई एक्सन हिरोका रूपमा स्थापित गरेरै छाडे। पछि अचानक उनको जीवनमा ट्विस्ट आयो। यी सुपरहिरो सन्यासी बने। फिल्ममा देखिएनन्, पोस्टरमा छाएनन्।

**आजको विचार...**



लोकतान्त्रिक... *(दुई पेजमा)*

शम्भु कोइराला

रेखा थापा त्यति कुरा लुकाउने अभिनेत्री त होइनन्। मनकी सफा उनी कुनै पनि कुरा भन्न मुख बार्दिनन्। हक्की छिन् र स्पष्ट पनि। तर, पछिल्ला फेसबुक पोस्टहरूले त्यसो भन्दैनन्। उनी केही भन्न खोज्दैछिन्, तर कुरा घुमाएर। एकपटक सरसर्ती उनको फेसबुक चाहर्नुहोस् त, के-के लेखेकी छन् ? उनी लेख्छिन्, "ए आम्मा... बहुलाउँछु कि क्या हो ?" यति मात्रै भए त ठिकै थियो। कुनै सन्दर्भमा मनको कुरा पोखेकी होलान् भन्ने हुन्थ्यो। तर, उनी यतिमै रोकिइनन्।



❐ वर्ष ३२ ❐ अंक ८५ ❐ २०८३ असोज २४ गते शनिबार 10 October 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारतमा प्रदर्शनअघि २० हजार प्रहरी तैनाथ

एजेन्सी

**नयाँ दिल्ली,** असोज २३/मतदाता सूचीमा अनियमितता भएको आरोप लगाउँदै निर्वाचन आयोगका प्रमुखलाई पदमुक्त गर्न माग गरी शनिबार हुने प्रदर्शनअघि भारतको राजधानी नयाँदिल्लीमा २० हजारभन्दा बढी प्रहरी तथा अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ । भारतको निर्वाचन आयोगले मतदाता सूचीको 'विशेष गहन पुनरावलोकन' प्रक्रिया अघि बढाएपछि यसै महिना विरोध प्रदर्शन चर्किएको हो । आयोगले दोहोरो नाम भएका र अयोग्य मतदातालाई हटाउन प्रक्रिया सञ्चालन गरिएको बताएको छ । तर, विपक्षी दल तथा आलोचकहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी मतदातालाई मतदानको अधिकारबाट वञ्चित गर्न खोजिएको आरोप लगाएका छन् । विरोध प्रदर्शनमा प्रमुख विपक्षी भारतीय राष्ट्रिय कङ्ग्रेसका नेता राहुल गान्धीसहित अन्य नेताहरू सहभागी हुँदै आएका छन् । यसै साता प्रदर्शनका क्रममा गान्धीलाई केही समय हिरासतमा समेत लिइएको थियो । संसद्का विपक्षी दलका नेता गान्धीसहित अन्य नेताहरूले शुक्रबार राष्ट्रपति द्रौपदी मुर्मूसँग भेट गरी निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारविरुद्ध उजुरी गर्ने अपेक्षा गरिएको छ ।

# पोखरामा बस दुर्घटना : पाँच जनाको मृत्यु, १४ घाइते

हाम्रा संवाददाता

**पोखरा,** असोज २३/पोखरा महानगरपालिका-२८ कालिका ओख्लेको भीरस्थित सडकमा स्कूल बस दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । सौर्यमाफ्ठानाबाट विद्यार्थी लिएर कालिका बोर्डिङ स्कुलतर्फ आउँदै गरेको ग.२ख १४१७ नम्बरको बस शुक्रबार बिहान दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको हो ।

दुर्घटनामा परी गम्भीर घाइते भएका पाँच जनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत गण्डकी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मृत्यु हुनेमा पोखरा महानगरपालिका-२८ निवासी ६५ वर्षीय बाबुराम तिवारी, अन्दाजी १३ वर्षीया ममता तिवारी, अन्दाजी १४ वर्षीय अशिम कंडेल, अन्दाजी १४ वर्षीया रूमिका नेपाली र अन्दाजी १४ वर्षीया सुवेच्छा तिवारी रहेका छन् । दुर्घटनामा बसका चालकसहित अन्य १४ जना घाइते



भएका छन् । घाइतेमध्ये चालकसहित बसमा सवार ११ जनाको गण्डकी अस्पतालमा उपचार भइरहेको छ भने बसमा सवार अन्य तीन जनाको पोखरास्थित गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको छ । भीरको सडकबाट बस करिब २०० मिटर तल खसेका कारण दुर्घटनामा ठूलो क्षति भएको देखिएको छ । दुर्घटनापछि घाइतेहरूको उद्धार गरी उपचारका लागि विभिन्न अस्पतालमा पुऱ्याइएको थियो । गम्भीर घाइते भएका पाँच जनालाई अस्पतालमा उपचार गरिए पनि बचाउन नसकिएको हो । दुर्घटना कसरी भयो भन्नेबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ । बस अनियन्त्रित भएर सडकबाट खसेको हो वा दुर्घटनाको अन्य कुनै कारण थियो भन्ने विषयमा अनुसन्धान भइरहेको छ । दुर्घटनाको वास्तविक कारण, बसको प्राविधिक अवस्था तथा अन्य विवरणबारे अनुसन्धानपछि थप तथ्य खुल्ने अपेक्षा गरिएको छ । एकै दुर्घटनामा पाँच जनाको ज्यान गएपछि पोखरा महानगरपालिका-२८ को कालिका ओख्ले क्षेत्रको सडक दुर्घटनाले गम्भीर चिन्ता उत्पन्न गरेको छ । प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ । बस दुर्घटनाको सत्यतथ्य छानबिन गर्न पोखरा महानगरपालिकाले समिति गठन गरेको छ । महानगर प्रमुख धनराज आचार्यले दुर्घटनाको कारण पहिचान गरी आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुझावसहित प्रतिवेदन पेस गर्ने जिम्मेवारीसहित समिति गठन गरेको जानकारी दिए । दुर्घटनामा विद्यार्थी, चालक तथा स्थानीयसहित २२ जना सवार रहेको महानगर प्रमुख आचार्यले जनाएका छन् । दुर्घटनामा घाइते भएकाहरूको उपचार भइरहेको छ । महानगरले गठन गरेको समितिको संयोजकमा वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदी छन् । समितिका सदस्यमा मेकानिकल इन्जिनियर सरोज चालिसे, महानगर शिक्षा समिति सदस्य डोलराज पाण्डे, नगर प्रहरी निरीक्षक पुरुषोत्तम थापा र ट्राफिक सहायक निरीक्षक अमृत भट्टराई छन् ।

## तीनदिने दसैं-तिहार विशेष विद्यार्थी प्रतिभा उत्सव



**पाल्पा,** असोज २३/स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु), त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको आयोजनामा सञ्चालित तीनदिने 'दसैं-तिहार विशेष विद्यार्थी प्रतिभा उत्सव-२०८३' विविध रचनात्मक तथा सांस्कृतिक कार्यक्रमका साथ मनाइएको छ ।

विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने, बौद्धिक क्षमता र सिर्जनशीलताको विकास गर्ने तथा आपसी सद्भाव र भाइचाराको भावना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित उत्सव असोज २०, २१ र २२ गते सञ्चालन गरिएको थियो । उत्सवअन्तर्गत वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, शुभकामना आदान-प्रदान, पुरस्कार वितरण तथा विविध सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको पहिलो दिन वक्तृत्वकला प्रतियोगिता र दोस्रो दिन हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो । तेस्रो दिन आयोजित समापन समारोहमा विजेता तथा सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्नुका साथै दसैं-तिहारको शुभकामना आदान-प्रदान गरिएको थियो । वक्तृत्वकला प्रतियोगितामा १७ जना विद्यार्थीले नाम दर्ता गरी सहभागिता जनाएका थिए । प्रतियोगितामा साधना भट्टराई प्रथम, बिपसा राना द्वितीय, अन्जु गैरे तृतीय तथा कृतिसा सारुले सान्त्वना स्थान हासिल गर्न सफल भए ।

*-बाँकी अन्तिम पेजमा...*

## पाल्पामा विभिन्न कार्यक्रम गरी मनाइयो १५२ औँ विश्व हुलाक दिवस

**पाल्पा,** असोज २३ /'एउटा हुलाक सञ्जाल, असीम सम्भावनाहरू' भन्ने नाराका साथ पाल्पामा १५२औँ विश्व हुलाक दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । जिल्ला हुलाक कार्यालय पाल्पाले सेवाग्राहीलाई स्वागत, उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा सेवानिवृत्त कर्मचारी र सञ्चारकर्मीलाई सम्मान, फरक क्षमता भएका विद्यार्थीलाई खाद्यान्न सहयोग तथा कार्यालय परिसर सरसफाइ गरी दिवस मनाएको हो ।




शुक्रबार जिल्ला हुलाक कार्यालयमा आयोजित कार्यक्रममा कार्यालयमा सेवा लिन आउने पहिलो सेवाग्राही तानसेनका राजन न्यौपानेलाई अबिर र खादा लगाएर स्वागत गरिएको थियो । हुलाक सेवाप्रति सेवाग्राहीको विश्वास अभिवृद्धि गर्ने तथा सेवामैत्री वातावरण निर्माण गर्ने उद्देश्यले पहिलो सेवाग्राहीलाई सम्मानपूर्वक स्वागत गरिएको कार्यालयले जनाएको छ । दिवसका अवसरमा पत्रकारिता क्षेत्रमार्फत समाजमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै नवजनचेतना राष्ट्रिय दैनिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीलाई सम्मान गरिएको थियो । त्यस्तै, जिल्ला हुलाक कार्यालय तथा विभिन्न अतिरिक्त हुलाक कार्यालयबाट अनिवार्य र स्वेच्छिक अवकाश प्राप्त कर्मचारीहरूलाई पनि सम्मान गरिएको थियो । सम्मानित हुने सेवानिवृत्त कर्मचारीहरूमा जिल्ला हुलाक कार्यालयका पूर्व हुलाक अधिकृत जयदीप पन्थी, हल्कारा शकुन्तला न्यौपाने, दर्लमडाँडा अतिरिक्त हुलाक कार्यालयका रमेश कुमार घर्ती, ठिमुरे अतिरिक्त हुलाक कार्यालयका दुर्गाबहादुर जिसी, सिद्धेश्वर अतिरिक्त हुलाक कार्यालयकी सुन्ता थापा, मुझुङ अतिरिक्त हुलाक कार्यालयकी सुन्तौली पछाई, कोलडाँडा अतिरिक्त हुलाक कार्यालयका मानबहादुर दर्लामी, जिल्ला हुलाक कार्यालयबाट स्वेच्छिक अवकाश प्राप्त लोकबहादुर आले र निस्दी हुलाक कार्यालयबाट स्वेच्छिक अवकाश प्राप्त खिमबहादुर राना रहेका छन् ।*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मानसिक स्वास्थ्यप्रति संवेदनशील बनौँ

नेपालमा मानसिक स्वास्थ्यको अवस्था विगत केही वर्षदेखि विकराल बन्दै गइरहेको छ । शारीरिक स्वास्थ्यजस्तै मानसिक स्वास्थ्य पनि उत्तिकै महत्वपूर्ण भए पनि अझै हाम्रो समाजमा बेवास्ता र लाजको विषय बनिरहेको छ । मानसिक स्वास्थ्य सुधारका कार्यक्रमलाई सरकारले समयमै ध्यान नदिने हो भने आगामी पाँच वर्षमा एक तिहाइ जनसंख्या डिप्रेसनको सिकार हुने डब्लुएचओले चेतावनी दिएको छ । नेपालमा बर्सेनि मानसिक रोगका बिरामीहरुको संख्या बढ्दै गएको छ । आत्महत्या गरेका र मानसिक स्वास्थ्यको उपचारका क्रममा रहेकाहरुको मात्र यकिन तथ्याङ्क आउने गरे पनि मानसिक रोग पहिचान नै नभएकाहरुको संख्या ठूलो छ ।

मानसिक स्वास्थ्यको महत्वबारे जनचेतना फैलाउने, मानसिक समस्याप्रति समाजमा विद्यमान भ्रम र विभेद हटाउने तथा मानसिक स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने उद्देश्यले हरेक वर्ष अक्टोबर १० का दिन विश्व मानसिक स्वास्थ्य दिवस मनाउने गरिन्छ । शारीरिक स्वास्थ्यजस्तै मानसिक स्वास्थ्य पनि मानव जीवनको अभिन्न पक्ष हो । तर हाम्रो समाजमा अझै पनि मानसिक स्वास्थ्यलाई पर्याप्त महत्व दिइएको पाइँदैन । यही कारण मानसिक स्वास्थ्यसम्बन्धी समस्या भोगिरहेका धेरै मानिस खुलेर आफ्नो समस्या व्यक्त गर्न सक्दैनन् । मानिसको जीवनमा तनाव, चिन्ता, निराशा र विभिन्न चुनौती आउनु स्वाभाविक हो । तर जब यस्ता समस्या लामो समयसम्म रहन्छन् र दैनिक जीवन, अध्ययन, काम तथा सम्बन्धमा असर पार्न थाल्छन्, तब त्यसलाई बेवास्ता गर्नु हुँदैन । मानसिक स्वास्थ्यमा देखिने समस्या कमजोरीको लक्षण होइन, बरु उचित सहयोग, परामर्श र उपचारबाट व्यवस्थापन गर्न सकिने स्वास्थ्यसम्बन्धी अवस्था हो । त्यसैले मानसिक समस्यालाई लुकाउने होइन, समयमै पहिचान गरी समाधानको बाटो खोज्ने संस्कार विकास गर्न आवश्यक छ । नेपालमा पनि मानसिक स्वास्थ्यसम्बन्धी चुनौतीहरू बढ्दो चासोको विषय बनेका छन् । बेरोजगारी, आर्थिक अभाव, पारिवारिक कलह, सामाजिक दबाब, शैक्षिक प्रतिस्पर्धा, वैदेशिक रोजगारीका कारण उत्पन्न पारिवारिक दूरी तथा सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानिसको मानसिक अवस्थामा प्रभाव पार्न सक्छ । विशेषगरी किशोरकिशोरी, युवा, ज्येष्ठ नागरिक तथा विभिन्न कठिन परिस्थितिमा रहेका व्यक्तिहरूको मानसिक स्वास्थ्यप्रति विशेष ध्यान दिनुपर्छ । विश्व मानसिक स्वास्थ्य दिवसले सबैलाई मानसिक स्वास्थ्यको महत्व बुझ्न, भ्रम र विभेद त्याग्न तथा सहयोगी समाज निर्माण गर्न प्रेरणा दिनुपर्छ । मानसिक स्वास्थ्यबारे बोलौँ, समस्यामा परेकालाई साथ दिऔँ र मानसिक रूपमा स्वस्थ तथा संवेदनशील समाज निर्माणमा हातेमालो गरौँ ।

## Opinion @ Social Network

पैसाले होइन मायाले किन्नु पर्छ मान्छेलाई,
सुन्दरता ले होइन व्यवहारले चिन्नु पर्छ मान्छेलाई।
*(कुसुम गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Kusum.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतान्त्रिक संस्कार र वर्तमान नेपाली राज्यसंयन्त्र



शम्भु कोइराला

**नमागिएको सल्लाह :**
लोकतान्त्रिक पद्धति र संस्कार निर्माणका लागि संविधान, कानुन, नीति बनाएरमात्र हुँदैन, नागरिकको मनमष्तिष्कमा लोकतान्त्रिक संस्कार विकसित भएको छ कि छैन भन्नेमा लोकतन्त्रको सफल प्रयोग सन्निहित रहेको हुन्छ । नागरिक र नेताहरूले आफैं र आफ्ना प्रतिनिधिद्वारा बनाइएका कानुनप्रति व्यावहारिक जीवनमा आृनो दैनिक व्यवहार र आचरणमा कति प्रयोग गरेका छन्, त्यसमा कति अभ्यस्त छन् भन्नेबाट लोकतन्त्रको स्वास्थ्य कस्तो छ भन्ने थाहा पाउन सकिन्छ । अहिलेको समय विश्वव्यापी रूपमा नै लोकतन्त्रमा ग्रहण लागेको अवस्था हो । नयाँ पुस्ता मोबाइलमा सर्च गरेर जे मन पर्छ त्यही उपलब्ध भएजस्तै निजी जीवनमा पनि त्यस्तै होस् भन्ने अपेक्षा गर्दछ । नयाँ पुस्तालाई संघर्ष के हो ? जीवनचक्रका उतारचढाव के हुन् थाहा छैन । चाँडो नतिजामात्र चाहिएको छ । त्यही नतिजाको प्रप्तिको उद्देश्यले सस्तो लोकप्रियतावादी र लोकरिझ्याइँवादीहरू धेरै देशमा हावी भइरहेका छन् । लेकतन्त्र कमजोर पार्न र हरण गर्न कुनै सैनिक जनरल वा अनुदार शासक नचाहिने भएको छ । आवधिक निर्वाचनबाट आएकाहरूबाट नै लोकतन्त्र खतरामा पर्नसक्ने सन्दर्भमा विश्व चर्चित पुस्तकहरू प्रकाशन भइसकेका छन् । नेपालको सन्दर्भमा कुरा गर्दा २०८२ भदौ २३ र २४ को आन्दोलन नै अप्रत्याशित थियो । नेता र नीतिबिनाको आन्दोलन दुर्घटना हुनसक्ने सम्भावनालाई टारेर संविधान जोगाएर अवतरण भएको थियो । आलोपालो सरकार चलाउने तत्कालीन तीन ठूला पार्टीप्रतिको आक्रोशलाई कुनै तत्वले प्रयोग गरेको थियो । जुन सफल भयो । आन्दोलनको छ महिनापछि भएको निर्वाचनमा नेपाली जनताले परिवर्तनको वकालत गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई दुई कम दुईतिहाइ मत दिएर विजयी गराए । युवाले मन पराएका र आशा गरिएका नेता बालेन्द्र साह मुलुकको प्रधानमन्त्री भए । नयाँ सरकारबाट नेपाली जनताले आफ्नो दु:खपूर्ण दैनिकीमा सुधार आउने अपेक्षा गरेका थिए । अहिलेसम्म पनि सरकार गठन भएको समय धेरै नभएर होला सुखका दिन आउलान् भनेर प्रतीक्षामा बस्नेहरू पनि छन् । वर्तमान सरकारको छ महिनाको अवधिका आधारमा नेपालको सरकार, नयाँ सरकारले सञ्चालन गरेका गतिविधिहरू र अन्य राज्यसंयन्त्रका कारण लोकतान्त्रिक संस्कार र नागरिकको आचरणमा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा चर्चा गरौं ।

**छ महिनाका सरकारका कामहरू**
वर्तमान सरकार गठन हुनासाथ सुकुम्बासी बस्ती खाली गर्ने अभियान चलाइयो । सुकुम्बासी बस्तीमा बसेकाहरूलाई विभिन्न होल्डिङ सेन्टरमा लगेर राखियो । धेरै आफ्ना नातेदारकोमा गएर पनि बसे । बसोबासी घरबाट विस्थापन हुनुभनेको एउटा परिवारका लागि सर्वस्वहरण जस्तै हो । लगाएको लुगा र केही सामानबाहेक आफूसँग केही नभएको अवस्था उनीहरू घर छोडेर हिँड्नुपरेको थियो । छ महिनासम्म आइपुग्दा पनि उनीहरूको उपयुक्त व्यवस्थापन हुनसकेको छैन । त्यसमा घर भएका सामर्थ्य र शक्ति भएका हुकुम्बासी पनि छन् भनेर आलोचना भएको छ । दलतन्त्र मौलाएको समयमा यस्तो छैन भन्न सकिने अवस्था छैन । साथै, सबै बसोबासीहरू हुकुम्बासी पनि थिएनन् । धेरै बेसहारा र उपाय नभएकाहरू पनि थिए भन्ने पनि त्यत्तिकै सत्य हो । तिनीहरूको परिवारका ज्येष्ठ सदस्य र विद्यालय जाने बालबालिकालाई के कस्तो अप्ठ्येरो भयो होला ? भनेर सोचियो भने यो घटनाक्रम कति निर्दयी थियो भन्ने बुझ्न सकिन्छ, यसको अर्थ सार्वजनिक जमिन कब्जा गरेर बसेकाहरूले उन्मुक्ति पाउनुपर्छ भन्ने कदापि होइन । पाँच वर्षका लागि जनअनुमोदन प्राप्त गरेर आएको सरकारलाई गृहकार्य गरेर आलोचनारहित तबरले व्यवस्थापन गर्ने प्रशस्त अवसर थियो । प्रधानमन्त्री बोल्दै नबोल्ने, बोलेका विषय पनि विवादास्पद बन्ने विषयले प्रधानमन्त्रीको पार्टीलाई मात्र होइन, देशलाई नै अप्ठ्यारो पाऱ्यो पारिरहेको छ, पारिरहनेछ । सीमा विवाद जस्तो विषयमा कसैले गरिदिएको ब्रिफिङको अनौपचारिक पक्षलाई सार्वभौम संसद्मा गएर प्रस्तुत गरिएको विषयले स्वयं प्रधानमन्त्री र मुलुकलाई अप्ठ्यारो पारिरहेको छ । नयाँ सरकरका लागि रोजगारी सिर्जना, पुँजी निर्माण गर्नु, लगानीकर्ता आकर्षित गर्नु, लगानीको उर्वर वातावरणमा देशलाई आर्थिक रूपमा चलायमान बनाई गरिबहरूको संख्या घटाउनु सर्वाधिक प्राथमिकताको विषय हुनुपर्ने थियो । देशमा लगानी गरेको लगभग सय वर्षको इतिहास भएका ठूला घरानाहरूलाई पक्राउ गर्ने, हतकडी लगाउने, चोर र लागूऔषध दुर्व्यसनी थुन्ने ठाउँमा लगेर थुन्ने, त्यसो गरेको छ कि छैन भनेर गृहमन्त्री अनुगमनमा जाने विषयले व्यापारी उद्योगपतिको मनोबल गिरेको छ । चार घण्टाको राज्यविहीनताको अवस्थामा देशका उद्योग प्रतिष्ठानसमेत खरानी बन्ने ठाउँमा लगानी ल्याउन धेरै मिहिनेत गर्नुपर्ने अवस्था थियो । त्यसमाथि निजी क्षेत्रप्रति थुन्ने अनि सुन्ने व्यवहार गर्दा यो गिरेको मनोबल उठ्न समय लाग्नेछ । उठ्दै नउठ्ने र पुँजी पलायन हुने खतरा पनि प्रबल छ । समाजसँग दोहोरो संवाद नगर्ने रात्रिकालीन सामाजिक सञ्जालबाट प्रमुख कार्यकारिणीको धारणा बुझ्नुपर्ने विषयले सरकार र जनताबीचको सम्बन्धको दूरी बढेको छ । त्यसरी सञ्जालबाट आउने सन्देश पनि समन्वयकारीभन्दा प्रतिक्रियात्मक र आक्रामक हुने गरेकोबाट समाज विभाजित हुने, विभिन्न शक्तिका बीच दूरी बढ्ने र अर्को राजनीतिक आन्दोलनका लागि वातावरण बन्ने सन्दर्भलाई इन्कार गर्न सकिँदैन । पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई पक्राउ गर्न ढंग नपुगेको घटना लाजको पसारो देखिएको छ । बिनापक्राउपुर्जी, मध्यरातमा प्रहरी निकायलाई बाध्यकारी दबाबमा राखेर पूर्वप्रधानन्यायाधीश जस्तो मानिसलाई प्रहरी निकायमा लाने, मोबाइललगायतका सामग्री जफत गर्ने अनि सुरक्षा दिन ल्याएको भन्ने व्यवहार अपरिपक्वताको पनि सीमा नाघेको घटनाक्रम थियो । हो, चोलेन्द्र शमशेर राणा विवादित न्यायाधीश हुन् । उनको नैतिक पक्षका बारेमा धेरै आलोचना भएको हो । उनले अहिले पनि गलत काम र व्यवहार गरेका हुनसक्छन् । जेजसो भए पनि कानुनी राज्यमा जो कोहीसँग कानुन बमोजिमको व्यवहार गर्नुपर्छ । एउटा सामान्य नेपाली नागरिकसँग गरिने व्यवहार पनि कानुनसम्मत हुनुपर्दछ भन्ने कुरा बिर्सनु हुँदैन । सत्तामा भएको बेला कानुन म नै हुँ भन्ने उन्माद चढेको हुनसक्दछ तर त्यो दिमागी उन्मादमात्र हो । लोकतान्त्रिक आचरण होइन । यत्रो बलियो सरकार र सरकारका लोकप्रिय प्रधानमन्त्रीका लागि त्यो कार्य सुहाउने खालको होइन । प्रतिनिधिसभाको चालु अधिवेशन सकिएको छ । अधिवेशन सकिएको दुई दिनभित्र अध्यादेशहरू आएका छन् । बेपत्ता प्रमाणित गर्न समय घटाउने अध्यादेश अनिवार्य पनि छ, त्यसै मेसोमा अरू अध्यादेश पनि आएका छन् । लोकतन्त्र प्रक्रिया पनि हो । यसले बढी छलफल र सहभागिता खोज्दछ । कानुन तयार हुन धेरै ढोका ढक्ढक्याउनुपर्ने अवस्था हुन्छ । यसो भनेर प्रतिनिधिसभा जस्तो संस्थालाई उपेक्षा गरेर अध्यादेश जारी गर्ने बाटोलाई सजिलो ठान्ने गल्ती गर्नु हुँदैन । मन त हो, अध्यादेश पनि राष्ट्रपतिकोमा पठाउनुपर्ने रहेछ, यो झन्झट किन व्यहोर्ने भन्ने सोच नआउला पनि भन्न सकिँदैन । करिब सवा लाखभन्दा बढी कर्मचारीहरूको छाता ऐन निजामती सेवा ऐन जारी हुनसकेको छैन । संसद्मा दर्तासम्म भएको छ । यो दर्ता भएको विधेयक पनि कर्मचारी वर्गका लागि त्रासदीपूर्ण देखिएको छ । ३० वर्ष सेवा अवधि र ५५ वर्ष उमेरमा निवृत्त हुनुपर्ने प्रावधानको कारण कर्मचारीको वृत्तिचक्रमा नकारात्मक असर गरेको छ । कोही कर्मचारी यसरी जानुपर्ने र जोगिएकाहरू ६० वर्ष उमेर पूरा भएपछि निवृत्त हुने प्रावधानले कर्मचारी-कर्मचारीबीच विभेद गरेको छ । कर्मचारीले जागिर सुरु गर्दाको बखतको ऐन लागू हुने र हालको ऐनले कर्मचारीको सेवाको प्रत्याभूति गरेकाले निजको इच्छाविपरीत गरिएको पजनी अदालतको ढोकामा पुगेपछि प्रथम दृष्टिमै बदरयोग्य छ, त्यसमा पनि भूतप्रभावी कानुन बनाउने सरकारको काम अनुदारमात्र देखिने सम्भावना छ । यसले सकारात्मक परिणाम दिने अवस्था छैन । प्रतिनिधिसभाको नेता प्रधानमन्त्री हो । प्रधानमन्त्री संसद्बाट टाढिने अवस्था भनेको जनताबाट टाढिएको अवस्था हो । प्रतिनिधिसभाका सदस्य जनताका प्रतिनिधि हुन् । तिनको विश्वास रहेसम्म मात्र प्रधानमन्त्री पदमा रहने हो । यो सभालाई जसरी उपेक्षा गरेको भनेर आलोचना भइरहेको छ, यस्तो व्यवहारले लोकतान्त्रिक संस्कार कमजोर बन्ने निश्चित छ ।

**अदालतमा 'पिक एण्ड चुज'को प्रियता**
पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको कार्यकालमा बेन्च गठनमा पारदर्शिता भएन भनेर आलोचना भएको थियो । 'बेन्च सपिङ' गरेको आरोप थियो । प्रधानन्यायाधीको विरोधमा इजलास बहिष्कार भएको थियो । अहिले पनि यो बहस सतहमा आएको छ । संवैधानिक इजलास गठनमा वरिष्ठता र गोलाप्रथा प्रणालीलाई अस्वीकार गरी प्रधानन्यायाधीशको तजबिजमा इजलास गठन गर्न खोज्दा इजलास बहिष्कार भएको छ । सर्वोच्च अदालत वा कुनै पनि अदालत जनताको विश्वासमा टिक्ने हो । न्यायाधीश भनेको देवदूत र न्यायालय भनेको मन्दिर भन्ने भावना जनसमुदायमा हुनुपर्छ भन्ने अपेक्षा गरिन्छ । लोकतान्त्रिक प्रणाली र संस्कारको अन्तिम रक्षक सर्वोच्च अदालतमा यस्ता विषयमा विवाद आउनु दुर्भाग्य हो । एकातिर पूर्वप्रधानन्यायाधीश चोलेन्द्र अनेक विवादमा आएर छानबिन भइरहेको छ भने अर्कातर्फ लामो समय प्रधानन्यायाधीश रहनुपर्ने वर्तमान प्रधानन्यायाधीश विवादमा पर्ने विषयले न्यायप्रणालीप्रतिको जनताको विश्वास खस्कने अवस्था बनेको छ । संविधानमा प्रधानन्यायाधीशलाई संवैधानिक इजलास गठन गर्ने अधिकार छ भन्ने विषयमा विवाद रहेन तर अधिकारको प्रयोग कति विवेकसम्मत र अनुमानयोग्य छ भन्ने विषय महत्त्वपूर्ण छ । यसलाई समाजका सबै पक्षले निगरानी गरिरहेका हुन्छन् । त्यसमा पनि मेरो अधिकार म प्रयोग गर्छु जस्ता लवज न्यायाधीशहरूका लागि शोभनीय देखिँदैन । अधिकारको कुरा गर्दा कसैलाई शंका लाग्यो भने गोली हान्ने अधिकार पनि होला तर मसँग अधिकार छ भनेर घरमा आृनो परिवारसँग बसिरहेको निरापराधलाई गोली हान्न नमिलेजस्तै मलाई मन परेकालाई संवैधानिक इजलासमा राख्छु, प्रणाली बनाउदिन भन्न मिल्दैन । लोकतान्त्रिक प्रणालीलाई सभ्य र संस्कारित बनाउन राज्यका सबै अंग सहयोगी बन्नुपर्दछ, अहिलेको नेपालको अवस्था नियाल्दा राज्यका तीन अंगमा सर्वसाधारण नागरिकले भेउ पाउने गरी विचलन देखिएको अनुभूति भएको छ । सबै पक्षमा आत्मालोचना गरी आत्मसुधार गर्नुपर्ने खाँचो देखिन्छ । यसमा सुधार नहुनुभनेको हामीले अरू केही वर्ष फेरि खेर फाल्नु हो । यसो भएमा हाम्रो अस्तित्वमा नै प्रश्न चिह्न खडा हुनसक्दछ । पहिले आफूलाई सुधार गरौं । आफू सुएिपछि मात्र अरूलाई सुधार गर्ने नैतिक आधार तयार हुन्छ ।

*-इहिमालय डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कामले निकटता बढाउनेछ। शान्त वातावरणको समयले मनलाई स्फूर्ति दिनेछ। | **तुला**: वचन पूरा गर्ने प्रसंग आउन सक्छ। तालिमको कुरा समेट्ने अवसर मिल्नेछ। |
| **वृष** : काम गर्ने ठाउँ व्यवस्थित गर्ने इच्छा बढ्नेछ। पुरानो सम्झना ताजा गराउनेछ। | **वृश्चिक** : कामले दिनलाई व्यस्त बनाउनेछ। काममा तपाईंको आवश्यक पर्न सक्छ। |
| **मिथुन** : मौकाले ठूलो उपयोगमा आउन सक्छ। साथीसँग बसेर रमाउने समय जुर्नेछ। | **धनु** : सानो सावधानीले भविष्यको झन्झट रोक्नेछ। समय रमाइलो रहनेछ। |
| **कर्कट** : सोचेर बोलेको कुरा बलियो हुनेछ। भाइबहिनीको साथले उत्साह जगाउनेछ। | **मकर** : नयाँ वातावरण हेर्ने इच्छा हुनेछ। अवस्था बुझेर कदम चाल्नु उपयुक्त हुनेछ। |
| **सिंह** : भावनात्मक पक्ष निकै संवेदनशील रहनेछ। तपाईंको भूमिका महत्वपूर्ण बन्नेछ। | **कुम्भ**: नियम परिवर्तन गर्नुपर्ने अवस्था आउनेछ। आर्थिक व्यवस्थामा सुधार हुनेछ। |
| **कन्या** : तपाईंको क्षमता परीक्षण गर्नेछ। प्रतिष्ठा जोगाउने निर्णय महत्वपूर्ण बन्नेछ। | **मीन** : आम्दानीको नयाँ बाटो खोज्नुभन्दा हालको स्रोत व्यवस्थित गर्नु उपयोगी हुनेछ। |

# साहित्य दर्पण

हास्यव्यङ्ग्य — जे. बि. शेर्पा

## त्यो चमत्कारिक झोला र नेपालको कायापलट

*देश देशावरको चक्करमा कति पल्ट त त्यसले सिरानीको काम गरेको थियो भने कहिले पिरा वा चकटी त कहिले अढेसोको जिम्मेवारी वहन गरिसकेको थियो । हिसावै गर्ने हो भने चार सयमा किनेको त्यो झोलाबाट कतिहो कति फाइदा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लिई सकेको थिएँ । कहिले काहीं मन मनै लाग्थ्यो कि यदि यस झोला उत्पादक कम्पनिले यो तरीका थाहा पायो भने पक्कै पनि त्यस झोलाको विज्ञापन अर्कै किसिमले व्यापक रुपमा गर्थ्यो होला जस्तै कि "वहूपयोगी झोला" या 'मल्टी परपोज ब्याग' अनि साविक भन्दा दोब्बर भाऊमा बेच्थ्यो होला र मालामाल हुन्थ्योहोला । मेरो त्यों त्यस्तो वहुपयोगी झोलाले नेपालमा हुँदा धेरै साथ दिएको थियो त्यसैले पहिलो पटक त्यसलाई पनि विदेश लाने निर्णय गरियो, जस अनुसार त्यों हंगकंग र शेनजेन सम्म पुगेर चिनिया भूमि स्पर्श गरेको थियो ।*

पुरै दस वर्ष बिति सकेछ युरोपमा आएर जरा गाडिसकेको पनि । मलाई अझै सम्झना छ त्यों गाढह्रा हरियो रंगमा टिलिक्क टल्किने 'इमिनेन्ट' लेखिएको हाते झोला र अप्राकृतिक रूपले चाऊरिएको झैं लाग्ने अनुहार लिएर यहाँ आएको । म भने यसबीच मोटोघाटो र रातो पिरो देखिएकोछु, चाउरी पुरिएर गयो तर पनि त्यों झोला र त्यसको लामो लाम्चो, दुवै पट्टी चेन वाला खल्ति भएको र त्यसलाई छिर्के मिर्के परेको छोप्ने भएको त्यसको आकार विर्सेको कदापि छैन । ईन्द्र चोकको मारवाडट्टी साहू काँ किनेको थिएँ , सुरुसुरुमा खासै राम्रो नलाग्ने मामूली झोला थियो त्यों तर पनि समय संगै जीवनको उकाली र ओराली अनि डाँडा र काँडाहरुमा लैजाँदा लैजाँदै मेरो हमसफ्ट्र बनी सकेको थियो । देश देशावरको चक्करमा कति पल्ट त त्यसले सिरानीको काम गरेको थियो भने कहिले पिरा वा चकटी त कहिले अढ्हेसोको जिम्मेवारी वहन गरिसकेको थियो । हिसावै गर्ने हो भने चार सयमा किनेको त्यो झोलाबाट कतिहो कति फाइदा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लिई सकेको थिएँ । कहिले काहीं मन मनै लाग्थ्यो कि यदि यस झोला उत्पादक कम्पनिले यो तरीका थाहा पायो भने पक्कै पनि त्यस झोलाको विज्ञापन अर्कै किसिमले व्यापक रुपमा गर्थ्यो होला जस्तै कि "वहूपयोगी झोला" या 'मल्टी परपोज ब्याग' अनि साविक भन्दा दोब्बर भाऊमा बेच्थ्यो होला र मालामाल हुन्थ्योहोला । मेरो त्यों त्यस्तो वहुपयोगी झोलाले नेपालमा हुँदा धेरै साथ दिएको थियो त्यसैले पहिलो पटक त्यसलाई पनि विदेश लाने निर्णय गरियो, जस अनुसार त्यों हंगकंग र शेनजेन सम्म पुगेर चिनिया भूमि स्पर्श गरेको थियो । यदि ताइवान जाने काम कुरो मिलेको भए त्यों त्यहाँ पनि अवश्य पुग्ने थियो । झोला लाई पासपोर्ट र भिसा नचाहिने भएपनि त्यों म संगसंगै फर्कनु परयो । त्यसको जीवनको दोस्रो विदेश यात्रा भने मित्र रास्ट्र भारतको परेको थियो, रक्सौल हुँदै ठगिँदै ठगिँदै लामो र कष्ट पूर्ण दिल्ली बस यात्रामा कैयौ पटक कोच्चिनु परेको र भारतीय पुलिसको संकालु हेराइ सहँदै खोतलिएर अपमानित हुनु परेको थियो विचराले। निकै राम्रो लागेछ क्यारे कुन्नि ,एक पटक त झन्नै अपहरणमा परेको भाई साबको हात बाट । थाईल्यांडको हारा जींसको पनि नक्कल गरि सिलाइएका जींस मै मक्ख पर्ने भारतीय समाज थियो त्यों बेलाको, त्यसैले होला काठमांडूबाट छानेर ल्याएको त्यों झोलामा आँखा नलगाउने, नलोभिने त कमै थिए र भाई साबहरु त्यों झोला, मैले लगाएको ज्याकेट अनि जुत्ता समेत किन्छु भन्दै पछीपरेर हत्ते गर्थे । झोलाहरू हज्जारौ थरिपरिका होलान, मैले पनि जिवनमा १५, २० थरिका झोलाहरू किनी सकेको छु तर सदा सदैवको लागि अब त्यही झोला मात्र प्यारो र पूजनीय लागिरहेछ । जीवनका उकाली ओरालीका मनग्य सम्झनाहरु त्यस झोला सित गाँसिएका छन, अल्झीएका छन । अझ मेरो मात्र नभएर हितैषी, आफन्त, इष्ट मित्रहरु समेतको सम्झनामा बसेको छ त्यों हरियो झोला । तेस्रो पटकको विदेश शयरमा त्यों झोला बेल्जियमसम्म आईपुगेको थियो र केही महिना पछि कोशेली समेत बोकर त्यों फिर्ता भयो, लाग्थ्यो त्यों फेरी अरु कसैको प्रतीक्षामा छ, कसैलाई विदेश पुर्याउन पर्खि रहेछ, न भन्दै अमेरिका जाने एक आफंतले त्यहि झोला लिएर गयो तर फिर्ता पठाउने शर्तमा र शर्त अनुसार लगतै फिर्ता पनि भयो । करीब पाँच छ पटकको विदेशको चक्कर लगाईं सके पछि त्यों झोला ले आफ्नो विशेष पहिचान बनाई सकेको थियो, कतिसम्म भने त्यों झोला लिएर जो विदेश जान्छ त्यसको विदेश यात्रा फलिफाप पूर्ण हुन्छ भन्ने सोच समेत बनी सकेको थियो र झोला माँग्न आउनेहरु थपिँदै गए, लिएर जानेहरू पनि विदेशमा जरा गाडेर बस्न थालिसकेका थिए । अब हामी सवैको सोचाइमा त्यों मामूली झोला नभई एक लक्षिणको, विशेष शक्ति युक्त झोला बनिसकेको थियो, यसो गन्दा बेल्जियम मात्र चार पटक ओहोरदोहोर गरिसकेछ अनी अमेरिका र यु।के। तिन तिन पटक र अरु एक एक पटक पुगेको देश त कति हो कति । त्यसको पनि पासपोर्ट हुने भैदिएको भए कम्तिमा तिन वटा पासपोर्ट बिभिन्न देशका भिसाहरु ले भरिसकेको हुनेथियो, तैपनि बेलाबेलामा बिभिन्न विमानसेवाहरुका रंगीचंगी बिल्लाहरू भने झुन्ड्याएर फर्किन्थ्यो । धेरैको फलिफाप गरेर त्यों अधवैसे झोला अब दराज भित्र थन्किएको छ र अलिक पुरानै भएपनि इज्जतका साथ बसेको छ । यसो विचार पुरयाउने हो भने त्यति धेरै नेपालीहरुलाई विदेश पुरयाएइ, भाग्य चम्काई दिइ नेपाललाई करोडौंको रेमिट्यान्स भित्र्याइ आर्थिक विकाशमा टेवा पुरयाउने त्यों झोलालाई त्यतिकै दराजमा थान्क्याएर राख्नु उचित हुदैन, हुनत म चाहन्छु यो झोला म संगै रहिरहोस तर एक सच्चा नागरिकको हैशियतले त्यस्तो स्वार्थी सोचाई पाल्नु देश विरुद्द घात गर्नु जस्तै ठानें , त्यसैले धेरै सोच समझ पछि के निक्यौंल निकालें भने देश विकासको खातिर एक विशेष कार्यक्रम राखेर त्यों झोला नेपाल सरकारलाई हस्तांतरण गरिदिने ! तर त्यसको निमित्त देश र जनताको लागी प्रतिवद्द सरकारले मेरो केही शर्तहरु मान्नु पर्नेछ र ती यस्ता हुनेछन : १.अब उप्रान्त कसैले पनि त्यस झोलाको निजी प्रयोग गर्न पाउने छैन ! २.सकेसम्म त्यस झोलालाई २४ घंटे सुरक्षाका साथ परराष्ट्र मन्त्रालयको राहृदानी विभागमा वा त्रिभुवन अन्तर्राष्ट्रीय विमानस्थलको प्रस्थान कक्षमा राख्नु पर्नेछ ! ३.कोटी कोटी देउ देउता भएको नेपालमा अर्को 'झोले देउता' भनेर सरकारी तवरमै घोषणा गर्ने ! ४. विदेश जाने हरेक नेपाली हरुलाई त्यों झोले देउता छुन दिने , पूजा गर्न दिने र उनिहरुको झोला त्यो झोले देउता संग छुवाउन अनिवार्य गर्नु पर्नेछ ! ५.नेपालका नामूद ज्योतिष, लामा , पंडित वा गुरु , माताहरुबाट त्यों विलक्षण , चमत्कारिक झोलाको कसरी चिरकालीन सदुपयोग गर्न सकिन्छ भन्ने उपाय पत्ता लगाउनु पर्नेछ ! ६.सकेसम्म सवै नेपालीहरुलाई विदेश जान प्रोत्साहित गर्ने र उचित वातावरण मिलाउनु पर्नेछ ! त्यसपछि हामीहरुले विदेशी भूमिमा जसरी जरा गाडेर वस्न सकेका छौं त्यसै गरि पछि आउने नेपालीहरुले पनि विदेशमा जरा गाडन सक्नेछन, देशमा रेमिट्यान्सको भरमार ओइरो लाग्नेछ, जसको प्रत्यक्ष र अप्रत्यक्ष हजारौ लाभ देश र जनताले पाउने छन । बेरोजगारी, भोकमरी, बंद हडट्ताल, नारा जुलुस र अपराधहरु स्वत हराएर जानेछन, गृह मन्त्रालयको बजेट हृवात्तै कम हुनेछ, देश विकाश गर्छु भनेर युगौं को सपना पाल्ने त्यागी नेताहरुलाई पनि अनेकों संघर्ष र जेलनेल खाने र भूमिगत हुने अवस्था आउने छैन, व्यक्तिगत स्वार्थ कै लागि पार्टीको पुच्छर बन्नेहरु सबै बिलाएर जानेछन । भीर पाखा र वन बुटयान खनी खोस्री गर्ने क्रम रोकिनेछ र विस्तारै सवै भिरपाखा वन जंगल हराभरा हुनेछ, त्यसको अर्को सकारात्मक प्रभाव सिधै पर्यटन विकाशमा पर्नेछ त्यस्तै खाले अनगिन्ति प्रभावहरुको एकमुष्ठ शक्तिले अहिले सम्म रोकीएर रहेका विकाशका चौतर्फी ढोकाहरु एकाएक खुल्नेछन, भकाभक बाटाघाटा, पुल पुलेसा र अस्पतालहरु बन्नेछन अनि दश पन्ध्र वर्ष भित्रमा नेपाल र नेपालीको कायापलट सोचे भन्दा र भाषण गरे भन्दा सजिलै हुनेछ । देश शांत र हरा भरा , जनता खुशी र राता पीरा । ७. र अन्तमा सरकारले त्यसपछि जलस्रोत, पर्यटन र औधोगिक विकाश र राजनैतिक स्थायित्वले मात्र देश विकाश हुन सक्छ भन्ने पुरानो सुगा रटाई निति त्यागनु पर्नेछ र 'विदेश जाऔं, आफु बनौ अनी देशलाई बनाऔं' भन्ने नयाँ राष्ट्रीय नाराको सर्वत्र व्यापक प्रचारप्रशार गर्नुपर्नेछ । अन्तमा, पुन: भन्छु "विदेश जाऔं, आफु बनौ अनि देशलाई बनाऔं !" -***समकालिन साहित्य डटकम***

कथा — भोजराज न्यौपाने

## एउटा सपनाको अन्त्य

बिहानैदेखि झरीले काठमाडौं निथ्रुक्कै भिजेको थियो । वागमती, रुद्रमती, मनोहरा खोलामा आएको बाढीले नदी किनाराका वासिन्दाहरू त्रसित भइरहेका थिए । घरबाट बाहिर जान मनै लागेन । दिनभरि घरमा बस्न पनि कठिन । सामाजिक सञ्जाल हेरेर मन भारी बनाउनु भन्दा पुराना तस्वीरहरू हेरेर आफ्ना पुराना दिन सम्झने विचार गरें । तस्वीरहरू हेर्दै थिएँ । एउटा तस्वीरमा टक्क अडिएँ । तस्वीर थियो विष्णुदाइको । म विष्णुदाइसँगको विगतमा पुगें । जतिबेला देशमा हिंसात्मक आन्दोलन चलिरहेको थियो । कथा पुरानो हो तर राजनीतिसँग अलिकति पनि रूचि हुनेले अन्तर्य बुझ्न सक्छ । कथाकारको पृष्ठभूमि थाहा नहुनेलाई बताइदिउँ, म दोलाखाली तर बसाइ चाहीँ काठमाडौं । विष्णुदाइ मेरा जिल्लावासी । यो पटक म गाउँमा पुग्दा मैले विष्णुदाइलाई उदास देखेको थिएँ । सधैं हँसिलो र फूर्तिलो देखिने उनलाई त्यसअघि यस्तो गम्भीर कहिल्यै देखेको थिइनँ । झुस्स दारी पालेका मलिनो अनुहार, हेर्दा उनी बिरामी जस्तो लाग्यो । सोधें–दाइ सन्चै छ ? 'सन्चै छ बाबु, कहिले आउनुभयो ?' 'भर्खरै आएको ।' 'बाबुसँग भेट्नुपर्ने काम थियो । मैले त काठमाडौंमै गएर भेट्ने विचार गरेको थिएँ, बाबु नै यहाँ आएपछि त मलाई साह्रै सजिलो भयो ।' उनले खुसी हुँदै भने । विष्णुदाइ मेरा नजिकका हितैषी हुन् । म गाउँमा छँदा उनैले मलाई घरदेखि पन्ध्र मिनेट टाढा चरिकोटको स्कुल लैजाने र ल्याउने गर्थे । मेरो बाल्यकालको धेरै समय विष्णुदाइसँगै खेलेर बितेको थियो । उमेरले मभन्दा निकै जेठो भए पनि साह्रै माया गर्थे । गाउँमा सबैका प्रिय थिए उनी । विष्णुदाइको परिवार सम्पन्न थिएन । गाउँमै खेतीपाती र मेलापातकै भरमा परिवार पालेका थिए उनले । आर्थिक रुपले निकै कठिन भए पनि पारिवारिक रुपमा सुखी थियो परिवार । श्रीमती र एकमात्र छोरा । साथमा सानो घर । दिनभरि काममा व्यस्त हुनु र साँझमा परिवारै बसेर सँगै खाना खानु उनको दिनचर्या थियो । 'बाबुको बसाइ कति छ ?' 'एक दुई दिन बस्छु दाइ,' मैले भनें । 'मेरो सम्पत्ति भनेकै मेरो परिवार हो ।' उनले भने–'त्यसैले मेरो सन्तानलाई ठूलो मान्छे भएको हेर्न मन छ । त्यही विषयमा सरसल्लाह गरौं भनेर ।' 'तपाईंको विचार कति राम्रो छ, मैले केही सहयोग गर्नु पर्यो भने भन्नुहोला ।' मैले भनें । 'त्यही सल्लाह गर्न खोजेको बाबु, मलाई छोरा डाक्टर भएको हेर्न मन छ ।' 'के समस्या भयो र ? राम्रो पढ्छ भने डाक्टर बन्न के गाह्रो ?' मैले उत्साह थप्न यी कुरा थपें । 'डाक्टर बन्न धेरै पैसा चाहिन्छ रे ।' उनले दु:ख पोखे–'मसँग पैसा छैन । अहिले मलाई त्यही कुराको चिन्ता छ ।' मैले उनलाई सम्झाउँदै भनें–'चिन्ता नगर्नुस् दाइ । चिन्ता गरेर पैसा जम्मा गर्न सकिने पनि होइन । भर्खरै छोरो आठ कक्षामा पढ्दैछ, पहिला एसएलसी त पास होस् अनि मिलिहाल्छ नि सबै कुरा । आवश्यक सहयोग म पनि गरौंला ।' मैले उनलाई अलिकति आश्वस्त बनाउने कोसिस गरें । उनी फुरुङ्ग भए । त्यसपछि म काठमाडौं फर्कें । समय गएको पत्तै भएन । अस्तिजस्तो लाग्छ गाउँबाट फर्केको । तर कति चाँडो समयले वेग मारिसकेछ । काठमाडौं गाउँघर जस्तो नहुने । मनले नजिकै ठानेकाहरूलाई पनि सजिलै भेट गर्न नसकिने । घरिघरि काम बिना जिल्लातिर जान पनि नसकिने । यस्तै कुरा मनमा खेलाउँदै थिएँ । पत्रिका पल्टाएँ । सहरमा नगरपालिकाको चुनावको चर्चा चलेको थियो । हतियारधारी शक्तिले चुनावमा भाग नलिन सबैलाई चेतावनी दिएको थियो । संसदीय दलहरूले खोसिएको जनअधिकार फिर्ता नगरी गरिएको चुनावको सशक्त बहिष्कार गर्ने निर्णय गरेका थिए । यसले जनतामा चुनावप्रति पटक्कै उत्साह थिएन । पहिला चुनावमा उम्मेदवार बन्ने चर्चामा रहेकाहरूले पनि भटाभट उम्मेदवार नहुने घोषणा गरेका समाचारहरू पनि आइरहेका थिए । घरमै थिएँ । फोनको घन्टी बज्यो । गाउँबाट विष्णुदाइले फोन गर्नुभएको रहेछ । सन्चो-बिसन्चोको सामान्य भलाकुसारीपछि उहाँले भन्नुभयो–'म त मेयरमा उठ्ने भएँ, त्यसैले सल्लाह गरौं भनेर ।' 'खेतीपातीमा व्यस्त हुनुहुन्थ्यो । त्यसमाथि मेयरमै उठ्ने भन्दा त मैले कसरी पत्याउनु ? तपाईं, राजनीतिमा चासो राख्ने मान्छे नै होइन,' मैले भनें । 'अब पत्याउनुस् । म राजनीतिमा चासो भएर चुनाव लड्न लागेको त होइन । तर, चुनाव भने लड्ने नै भएँ ।' 'अनि किन त ?' 'तपाईंलाई किन ढाँट्नु ? म चुनाव जित्ने मनसायले उम्मेदवार भएकै होइन ।' म छक्क परें । मेयरमा उम्मेदवार हुने मान्छेको राजनीतिमा रुचि छैन, तैपनि उम्मेदवार बनेको कुरालाई मैले बुझ्न सकिरहेको थिइनँ । 'थाहा छैन ? सरकारले उम्मेदवारको पचास लाखसम्मको बिमा गरिदिएको छ । उम्मेदवार भएका बेला मर्न पाइयो भने पैसा आउँछ, आफू मरे पनि छोराले त्यही पैसाले डाक्टर पढ्न सक्छ । त्यसैले मैले यस्तो योजना बनाएँ । तपाईंले नाइँ नभन्नू ।' उभिएको मेरो शरीर थचक्क बस्यो । जीवन आहुति दिएर छोरो पढाउने कथा सुनेको थिएँ, अहिले सुन्दैछु । छोरो पढाउने खर्चका लागि चुनावमा उम्मेदवार बनेर मृत्युवरण गर्ने चाहनाले उनीप्रति अगाध श्रद्धा जाग्यो । माता, पिता र भगवान् एकै हुन् भन्ने धार्मिक मान्यतामा हुर्किएका हामीमाझ आृनो सन्तानको सुखका लागि आृनै जीवन बलिदान दिने अभिभावक भने कमै हुन्छन् । 'दाइ, यस्तो गलत कुरा तपाईंको दिमागमा कसरी आयो ? यो पैसा जम्मा गर्ने कस्तो तरिका हो ? तपाईं नै नरहेपछि उसले कसरी पढ्न सक्छ ?' मैले एकै सासमा हप्काउने शैलीमा भनें । 'त्यो कुराको चिन्ता नगर्नुहोला । मैले धेरै सोचें, योभन्दा राम्रो उपाय अहिलेसम्म पत्ता लगाउन सकिनँ, त्यसैले यो निर्णय गरें ।' उनले सुनाए । योभन्दा बढी टेलिफोनमा कुनै कुरा भएन । मैले आफूलाई विष्णुदाइसँग पराजित भएको महसुस गरें । कुनै महत्त्वपूर्ण काम गर्नुअघि मसँग सरसल्लाह लिने विष्णुदाइले यसपटक भने मसँग एकवचन सोध्नु भएन । निर्णय गरेपछि मात्र फोन गर्नु भएको थियो । विष्णुदाइ उम्मेदवार बनेको समाचार मिडियाहरूबाट थाहा पाएँ । सुरक्षाका लागि उहाँलाई सुरक्षाकर्मीकै क्याम्पमा राखिएको पनि समाचारमा उल्लेख थियो । एक तमासको नरमाइलो लाग्यो । सुरक्षा स्थिति नाजुक भएकोले कुनै पनि बेला चुनावमा उम्मेदवार बन्नेमाथि हतियारधारी समूहले हत्या गर्न सक्ने विश्लेषण राजनीतिक वृत्तमा चलेको थियो । म विष्णुदाइको सम्भावित हत्याको खबरबाट हुने भयानक पीडालाई कल्पना गर्न थालें । र, उहाँको रिक्ततामा हुने त्यस घरपरिवारको बिचल्लीलाई सोच्न थालें । रात निकै छिप्पिँदा समेत निदाउन सकिनँ । मनमा धेरै कुराहरू चलिरहे । भोलिपल्ट बिहानै चरिकोट जाने बस चढें । गाउँमा पुग्नासाथ विष्णुदाइलाई भेटें । उम्मेदवारी फिर्ता लिन अनुरोध गरें । तर उहाँ मान्नु भएन । जीवनभरी मेरो सरसल्लाह स्वीकार गर्ने उहाँले यसपटक भने मेरो कुरा सुन्नै चाहानु भएन । मेरो आग्रह अस्वीकार गर्नु भयो । मलाई नरमाइलो लाग्यो । गाउँमा बस्न मन लागेन । म भोलिपल्टै फर्कें । काठमाडौं आएको तीन दिनपछि नै उहाँको हत्या भएको खबर आयो । उहाँको हत्या भएलगत्तै उहाँकी पत्नी कमला भाउजू बेहोस हुनुभएको र अस्पताल लैजाँदै गर्दा उहाँ पनि बित्नुभएको खबर सुनें । मलाई सम्हालिन निकै कठिन भयो । यो कहाली लाग्दो समाचार सुन्नु नपरोस भन्दाभन्दै सुन्नु परिरहेको थियो । म स्तव्ध भएँ । केही सोच्न सकिन । यति सम्म कठिन अवस्थामा पुगें कि छोरा सागरलाई समवेदना दिन जान पनि सकिनँ । उहाँको काजक्रिया सकेको एक महिनापछि छोरा सागर काठमाडौं आएको थियो । बाबुआमाको मृत्युको शोकले ऊ निकै गलेको थियो । मैले सागरलाई सोधें–'सागर, बुवाले किन मेयरमा उम्मेदवारी दिनुभएको तिमीलाई थाहा छ ?' 'छैन ।' 'तिम्रो बुवा तिमीलाई डाक्टर बनाउन चाहनुहुन्थ्यो तर उहाँसँग पैसा थिएन । डाक्टर बन्नको लागि धेरै पैसा लाग्ने भएपछि उहाँले चुनावमा भाग लिनुभएको हो ।' 'कसरी ? चुनाव जितेर भ्रष्टाचार गर्न ?' उसले एक अबोध प्रश्न सोध्यो । 'होइन, उहाँजस्तो असल मान्छे भ्रष्ट त बन्नै सक्नुहुन्नथ्यो । उहाँ चुनाव जित्न चाहनुहुन्थेन । उम्मेदवार बनेर मर्न चाहनुहुन्थ्यो । यसबाट आउने बिमाको रकमले तिमीलाई डाक्टर बनाउन चाहनुहुन्थ्यो ।' सागर डाँको छाडेर रोयो । आफूलाई पढाउन बुबाले गरेको जीवन आहुति सम्झेर धेरै बेर रोइरह्यो । भन्यो–'बुवाले यस्तो निर्णय नगरेको भए बुबा आमासँगै बस्न पाउँथे । तर मेरो जीवन पुरै सकियो काका ।' 'बुबाको इच्छा तिमीले पूरा गर्नुपर्छ, तिमीले आफूमा साहस भर्नुपर्छ ।' मैले सान्त्वना दिएँ । सागरले बाबुको मृत्युपछि बीमावापत रुपैयाँ पायो । मैले उसकै नाममा खाता खोलेर बैंकमै राख्न लगाएँ । सागरलाई काठमाडौंकै विद्यालयमा पढ्न भनें । उसले एसएलसी पास भएपछि मात्रै काठमाडौंमा पढ्ने भन्यो । केही दिन बसेर गाउँ फर्क्यो । उसले जिल्लास्तरीय टेस्ट परीक्षामा जिल्ला टप गर्यो । एसएलसी पनि उसले धेरै राम्रो नम्बर ल्याएर पास गर्ने शिक्षकहरूले सुनाएका थिए । उसलाई देखेपछि विष्णुदाइको याद आउँथ्यो । म उसको लगनशीलता देखेर निकै खुसी थिएँ । एसएलसी परीक्षाको छैटौं दिन सागरले जाँच दिइरहेको परीक्षा केन्द्रमा बम विस्फोट भएको सुनें । हतार-हतार गाउँमा फोन गरें । विस्फोटनमा सागरसहित तीन विद्यार्थीको मृत्यु भएको खबर आयो । म छाँगाबाट खसेजस्तै भएँ । सागरलाई डाक्टर बनाउन आफ्नो जीवन उत्सर्ग गर्ने विष्णुदाइको अभियान अधुरै रह्यो । विष्णुदाइले आफ्नो बलिदान दिएर जम्मा गरेको रुपैयाँको कुनै प्रयोग हुन सकेन । मलाई घरिघरि सागरले अन्तिम पटक फोनमा बोलेको आवाज कानमा गुञ्जिरह्यो–'काका, मेरो मेरो एसएलसी सकिना साथ म त्यहीं आउँछु है ...' । -***साहित्यपोष्ट डटकम***

# आज विश्व मानसिक स्वास्थ्य दिवस मनाइँदै




**पाल्पा,** असोज २३/ आज विश्व मानसिक स्वास्थ्य दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईदैछ । मानसिक स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्षको अक्टोबर १० तारिखमा यो दिवस मनाईन्छ । सन् १९९२ देखि अक्टोबर १० तारिखमा दिवस मनाउने गरिएको हो ।

यस दिवसले मानसिक स्वास्थ्यको महत्त्वबारे सचेतना फैलाउनुका साथै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूलाई सहयोग, सम्मान र उचित उपचार उपलब्ध गराउनुपर्ने आवश्यकतामा जोड दिँदै आएको छ । मानसिक स्वास्थ्य पनि शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण भए पनि समाजमा अझै मानसिक स्वास्थ्य समस्यालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । तनाव, चिन्ता, डिप्रेसन तथा अन्य मानसिक समस्याका कारण धेरै व्यक्ति प्रभावित भइरहेका छन् । यस्ता समस्याबारे खुलेर कुरा गर्ने वातावरण निर्माण गर्नु र आवश्यक परे मनोपरामर्श तथा स्वास्थ्य सेवा लिन प्रोत्साहित गर्नु दिवसको महत्वपूर्ण उद्देश्य हो । विशेषगरी बालबालिका, किशोरकिशोरी, युवा तथा ज्येष्ठ नागरिकको मानसिक स्वास्थ्यमा ध्यान दिनुपर्ने आवश्यकता विज्ञहरूले औँल्याउँदै आएका छन् । परिवार, विद्यालय, कार्यस्थल र समुदायबाट भावनात्मक सहयोग प्राप्त भएमा मानसिक स्वास्थ्य समस्याको पहिचान तथा व्यवस्थापनमा सहयोग पुग्न सक्छ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएमा लाज वा डर मान्नुभन्दा सम्बन्धित स्वास्थ्यकर्मी तथा मनोपरामर्शदातासँग सहयोग लिनु आवश्यक छ ।

मानसिक स्वास्थ्यप्रति सकारात्मक सोच विकास गर्दै सबैका लागि सहज, सुलभ र गुणस्तरीय सेवा सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिइँदै आएको छ । विश्व मानसिक स्वास्थ्य दिवसले मानसिक स्वास्थ्यलाई व्यक्तिगत विषयका रूपमा मात्र नभई सार्वजनिक स्वास्थ्य र सामाजिक सरोकारको महत्वपूर्ण विषयका रूपमा लिनुपर्ने सन्देश दिएको छ । मानसिक स्वास्थ्यप्रति सचेत र संवेदनशील समाज निर्माण गर्न सबैको सहकार्य आवश्यक देखिन्छ ।

## पाल्पामा विभिन्न कार्यक्रम गरी...

...त्यसैगरी, हुलाक सेवामा उत्कृष्ट कार्य गरेको भन्दै जिल्ला हुलाक कार्यालयका नायब सुब्बा टंकप्रसाद भण्डारी, रामपुर हुलाक कार्यालयकी खरिदार पुष्पा सलामी, पूर्वखोला हुलाक कार्यालयका हल्कारा फत्तबहादुर सारु, माथागढी हुलाक कार्यालयकी हल्कारा प्रतिभा बस्नेत, जिल्ला हुलाक कार्यालयकी हल्कारा जुही लम्तरी मगर, सिद्धेश्वर अतिरिक्त हुलाक कार्यालयकी हुलाक प्रतिनिधि सुमित्रा विक र दोभान अतिरिक्त हुलाक कार्यालयकी हुलाक प्रतिनिधि गीता शर्मालाई सम्मान गरिएको थियो । सम्मानित सबैलाई जिल्ला हुलाक कार्यालयका प्रमुख अर्जुन चौधरीले खादा, दोसल्ला र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख चौधरीले कर्मचारीहरूको साथ, सहयोग र प्रतिबद्धताका कारण हुलाक सेवाको प्रभावकारिता बढाउन सफल भएको बताए । उनले समयअनुसार हुलाक सेवालाई थप व्यवस्थित, विश्वसनीय र सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरूको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । प्रमुख चौधरीले हुलाक सेवा केवल चिठीपत्र आदानप्रदानमा मात्र सीमित नरही नागरिकलाई विभिन्न सेवा प्रदान गर्ने महत्वपूर्ण माध्यमका रूपमा विकास हुनुपर्ने बताए । बदलिँदो प्रविधि र सञ्चारका माध्यमबीच पनि हुलाक सेवाको आृनै महत्व रहेको उल्लेख गर्दै उनले सेवाको गुणस्तर सुधार, जिम्मेवारीबोध र सेवाग्राहीप्रतिको उत्तरदायित्वलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । कार्यक्रममा सेवानिवृत्त हुलाक अधिकृत जयदीप पन्थीले हुलाक सेवाले लामो समयदेखि नागरिक र राज्यबीच सम्पर्क स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए । उनले हुलाक सेवाको विकासमा कार्यरत तथा सेवानिवृत्त कर्मचारीहरूको योगदानको उचित मूल्यांकन हुनुपर्ने धारणा राखे । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले हुलाक सेवा र सञ्चार क्षेत्रबीच ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउन सूचना र सञ्चारको महत्वपूर्ण भूमिका हुने बताए । उनले हुलाक सेवाको ऐतिहासिक महत्वलाई जोगाउँदै बदलिँदो समयअनुसार सेवा प्रवाहमा सुधार गर्नुपर्नेमा जोड दिए । सम्मानित व्यक्तिहरूको तर्फबाट धारणा राख्दै हुलाक प्रतिनिधि सुमित्रा विकले हुलाक सेवामा कार्यरत कर्मचारीहरूको योगदानको कदर गर्दै सम्मान गरिएकोमा खुसी व्यक्त गरिन् । उनले कर्मचारीको मेहनत र समर्पणको सम्मानले आगामी दिनमा थप जिम्मेवार भएर काम गर्न प्रेरणा मिल्ने बताइन् । दिवसकै अवसरमा दमकडा माध्यमिक विद्यालयमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरूलाई खाद्यान्न सहयोगसमेत गरिएको थियो । सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएको सहयोगले विद्यार्थीहरूलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यसैगरी, कार्यालय परिसरको सरसफाइ गरी स्वच्छ र व्यवस्थित कार्यस्थलको सन्देशसमेत प्रवाह गरिएको थियो । हुलाक सेवाको महत्व, कर्मचारीको योगदान र सेवाग्राहीप्रतिको जिम्मेवारीलाई उजागर गर्ने उद्देश्यले आयोजित कार्यक्रम जिल्ला हुलाक कार्यालयका प्रमुख अर्जुन चौधरीको अध्यक्षता, खरिदार प्रतिभा भट्टराईको स्वागत र सूचना अधिकारी टंकप्रसाद भण्डारीको सञ्चालनमा सम्पन्न भएको थियो ।

**खेलकुद समाचार**

## ३३ बल खेलेर शून्यमै आउट भए निक म्याडिन्सन



**काठमाडौं,** असोज २३/अस्ट्रेलियाका ओपनिङ ब्याटर निक म्याडिन्सन दक्षिण अफ्रिका विरुद्धको पहिलो टेस्टमा ३३ बल खेलेर शून्य रनमै आउट भएका छन् । उनी बलअनुसारको विवरण उपलब्ध रहेको टेस्ट क्रिकेट इतिहासमा अस्ट्रेलियाका ओपनरमध्ये सबैभन्दा धेरै बल खेलेर शून्यमै आउट हुने ब्याटर बनेका छन् । दक्षिण अफ्रिकाविरुद्ध डरबनमा जारी टेस्टमा म्याडिन्सनले ३३ बल सामना गर्दै ४९ मिनेट क्रिजमा बिताए पनि रन बनाउन सकेनन् । मार्को यान्सेनको बलमा कट सट खेल्ने प्रयास गर्दा बल ब्याटको भित्री किनारामा लागेर विकेटमा पुगेपछि उनी आउट भएका थिए । ओपनरका रूपमा टेस्ट क्रिकेटमा शून्य रनमा आउट हुनुअघि सबैभन्दा धेरै बल सामना गर्ने खेलाडीको सूचीमा म्याडिन्सन तेस्रो स्थानमा छन् । न्युजिल्यान्डका ड्यारिन मरेले सन् १९९५ मा श्रीलंकाविरुद्ध ३९ बल र जिम्बाब्वेका ट्रेभर ग्रिपरले सन् २००० मा वेस्ट इन्डिजविरुद्ध ३६ बल खेलेर शून्य रनमा विकेट गुमाएका थिए । म्याडिन्सनले सन् २०१६ मा पाकिस्तानविरुद्धको बक्सिङ डे टेस्टपछि पहिलोपटक अस्ट्रेलियाको टेस्ट टोलीमा पुनरागमन गरेका हुन् । क्यामरन ग्रीन घाइते भएपछि उनलाई टोलीमा समावेश गरिएको थियो । गत महिना उनले न्यु साउथ वेल्सका लागि घरेलु एकदिवसीय प्रतियोगितामा १२६ रन बनाएका थिए । म्याडिन्सनको छनोटलाई लिएर प्रश्न उठे पनि अस्ट्रेलियाका कप्तान प्याट कमिन्सले उनको पछिल्लो लय र तयारीप्रति विश्वास व्यक्त गरेका थिए । म्याडिन्सनको पुनरागमन व्यक्तिगत रूपमा पनि महत्वपूर्ण छ । उनले करिब १८ महिनाअघि अण्डकोषको क्यान्सरका लागि केमोथेरापी गराएका थिए ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

## नेप्से परिसूचक दोहोरो अंकले बढ्यो



**पाल्पा,** असोज २३/सेयर कारोबार साताको अन्तिम दिन शुक्रबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । यसदिन नेप्से परिसूचक १७ दशमलव १५ अंकले बढेर २५९१ दशमलव ८० विन्दुमा अडिएको हो । नेप्से बढेसँगै कारोबार रकम पनि बिहीबारको तुलनामा वृद्धि भएको छ ।

बिहीबार ३ अर्ब ९३ करोड मूल्य बराबरको कारोबार भएको थियो । सो दिन नेप्से परिसूचक २ दशमलव ३१ अंकले बढेर २५७४ दशमलव ६५ विन्दुमा पुगेको थियो । यसदिन ३५३ वटा स्क्रिप्सको १ करोड २९ लाख ५ हजार ९४२ कित्ता सेयर ४ अर्ब ८३ करोड ७७ लाख २३ हजार ७६ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये १८० वटा स्टक्सको मूल्य बढ्दा ८९ वटाको घट्यो । बाँकी १० वटा स्टक्सको मूल्य भने स्थिर रह्यो। सेयर बजार दोहोरो अंकले वृद्धि भएपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । रिड्ज लाइन इनर्जीको सेयर ७ दशमलव ८५ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा कुमारी बैंक शीर्षस्थानमा रह्यो । सो बैंकले २१ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो । घलेमादी हाइड्रोले २० करोडको कारोबार गर्दा हिमालयन डिस्टिलरीले १८ करोड,सोलु हाइड्रोपावरले १७ करोड र लक्ष्मी सनराइज बैंकले १६ करोडको कारोबार गरे । १३ वटै समूहको उपसूचक सकारात्मक देखिएका छन् ।

## तीनदिने दसैं-तिहार ...

...प्रतियोगिताले विद्यार्थीहरूमा आफ्ना विचार स्पष्ट रूपमा प्रस्तुत गर्ने क्षमता, तार्किक चिन्तन, आत्मविश्वास तथा अभिव्यक्ति कलाको विकासमा योगदान पुऱ्याएको आयोजकले जनाएको छ । त्यस्तै, हाजिरीजवाफ प्रतियोगितामा १५ टोलीको सहभागिता रहेको थियो । प्रतिस्पर्धात्मक र उत्साहपूर्ण वातावरणमा सम्पन्न प्रतियोगितामा प्रकाश देवकोटा, सुजल भट्टराई र तारा मार्श्याङ्दीको टोली प्रथम भएको थियो । आकृति अधिकारी, सुदिका खनाल र सिम्रन बन्जाडेको टोली द्वितीय तथा विवेक पौडेल, रचना बेलबासे र रञ्जिता दलामीको टोली तृतीय भएका थिए । प्रतियोगिताले विद्यार्थीहरूको सामान्य ज्ञान, बौद्धिक क्षमता, समूहगत समन्वय र प्रतिस्पर्धात्मक भावनालाई प्रोत्साहन गरेको थियो । उत्सवको समापन समारोह तानसेन नगरपालिकाका उपप्रमुख प्रतीक्षा गाहा सिङ्जालीको प्रमुख आतिथ्य तथा क्याम्पस प्रमुख डा. टंकप्रसाद पन्थको विशिष्ट आतिथ्यमा सम्पन्न भएको थियो । समारोहमा क्याम्पस कार्यसमितिका सदस्यहरू, सहायक क्याम्पस प्रमुखहरू, विद्यार्थी कल्याण प्रमुख, प्राध्यापक संघ त्रिवि इकाईका सभापति, प्राध्यापक तथा उपप्राध्यापक, कर्मचारी, विभिन्न विद्यार्थी संगठनका प्रतिनिधि र विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । स्ववियु अध्यक्ष मिलन घर्ती मगरको अध्यक्षता,स्ववियु सदस्य नवीन थापाको स्वागत, स्ववियु सदस्य सपना विश्वकर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

तीनदिने कार्यक्रम सफल बनाउन विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त सहयोगप्रति स्वतन्त्र विद्यार्थी युनियनले आभार व्यक्त गरेको छ । कार्यक्रमका लागि तानसेन नगरपालिकाका उपप्रमुख प्रतीक्षा गाहा सिङ्जालीबाट १० हजार रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको थियो । त्यसैगरी, नेपाल बैंक लिमिटेड, पाल्पा शाखाका शाखा प्रमुख सुरज अधिकारीबाट हाजिरीजवाफ प्रतियोगिताको पुरस्कारका लागि सहयोग प्राप्त भएको थियो । मदनपोखरा ढाका उद्योगबाट आर्थिक सहयोग, उद्योग वाणिज्य संघ पाल्पाका अध्यक्ष समीरमान सिंहबाट सहयोग तथा सिटलपाटीस्थित कान्तिपुर स्टेसनरीबाट तीन हजार रुपैयाँभन्दा बढी मूल्य बराबरका प्रमाणपत्र तथा सम्मानपत्रका लागि सहयोग प्राप्त भएको स्ववियुले जनाएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई